नमस्ते । यो सन्देश पाँचवटा महत्त्वपूर्ण विषयहरू सम्बन्धि थप जानकारी दिन मरीन बिनियण्डाको तर्फ बाट पठाइएको हो ।
१. तपाईहरू धेरै जसोलाई थाहा भएकै कुरा हो, वुस्टर पब्लिक स्कूल्सले विन्टर स्पोर्ट्स सिजन सोमबार, जनवरी ४ तारीक देखि अभ्यास/ट्राइआउट सुरु गर्ने योजना गरेको थियो । शहरका अधिकृतहरू, स्कूल समिति र चिकित्सा परामर्शदाताहरू सँग धेरै छलफल गरे पछि आज विहान स्वास्थ्य र सुरक्षाको कारणले २०२०/२०२१ को विन्टर स्पोर्ट्स सिजन रद्द गर्ने निर्णय गरियो । निम्न लिखित खेलहरू लगायत सम्पूर्ण विन्टर स्पोर्ट्स रद्द गरिएका छन्:

केटा र केटी का बास्केटबल

केटा र केटी का आइस हक्की

केटा र केटी का पौडी

२. डिसेम्बर १५, २०२० मा बसेको एलिमेन्ट्री एण्ड सेकेण्डरी एजुकेशन बोर्डको वैठकमा बोर्डले विद्यार्थीको सिकाई समय (एस एल टी) नियमावलीमा थप संशोधनहरू पारीत गऱ्यो । उक्त संशोधनले जिल्लाले सञ्चालन गरेको हाइब्रिड र रिमोट लर्निङ्ग मोडेलको लागि अनिवार्य प्रदान गर्नु पर्ने प्रत्यक्ष निर्देशन र सिंक्रोनियोस निर्देशनको लागि न्यूनतम स्तरहरू स्थापित गर्दछ । हामी हाम्रो रिमोट लर्निङ्ग सिकाई तालीका जनवरी ११, २०२१ मा परिवर्तन गर्दैछौं । जनवरी ७ मा बस्ने स्कूल समितिको वैठकमा थप जानकारी सहितको तालीका प्रस्तुत गरिने छ । प्रिन्सिपलहरूले अद्यावधिक स्कूल तालीका सम्बन्धि कुरा गर्न उनिहरूले स्कूलमा आधारित परिवारहरूलाई सम्पर्क गर्नेछन् ।

३. मासाचुसेट्स डिपार्टमेन्ट अफ पब्लिक हेल्थको खोप विभागले विद्यार्थीहरूले स्वास्थ्य अथवा धार्मीक कारणले छुट पाउने बाहेक डिसेम्बर ३१, २०२० सम्ममा फ्लूको खोप लिन म्याद तोकेको थियो । उक्त म्याद फेब्रुअरी २८, २०२१ सम्मको लागि विस्तार गरिएको छ । रिमोट तथा भविष्यमा हाइब्रिड लर्निङ्ग गर्ने सम्पूर्ण विद्यार्थीहरूले तोकिएको मिति भित्रमा फ्लूको खोप लगाई सक्नु पर्ने छ ।

४. डिसेम्बर २४ देखि जनवरी ३ सम्म सर्वसाधारणहरूका लागि स्कूलहरू बन्द हुने छन् । यदि परिवारहरूलाई केहि प्रश्नहरू वा सरोकारहरू भएमा, कृपया प्रिन्सिपललाई इमेल पठाउनु होस् अथवा स्कूल समयमा स्कूलको नम्बरमा फोन गर्नु होस् ।

५. जनवरी १९ तारीक साँझ ५:३० बजे स्प्यानिश भाषा बोल्ने परिवारहरूका लागि ओपन फोरम आयोजना गरिएको छ । दोश्रो सार्वजनिक फोरम जनवरी २० तारीक साँझ ५:३० बजे आयोजना गरिनेछ । उक्त फोरममा दोभाषे उपलब्ध गराइने छ ।

हाम्रा विद्यार्थीहरूलाई दैनिक शिक्षा प्रदान गर्ने कार्यमा हाम्रा कर्मचारीहरूसँग सहकार्य गरी दिनु भएकोमा तपाईहरूलाई धन्यबाद । तपाईहरूको विदा शान्तिमय, स्वस्थ र आरामदायी रहोस् भन्ने कामना गर्दछु ।